# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः९२ | निर्णय मितिः२०८१/१२/०३ |
|---|---|

## निर्णय नः १०२

**आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको सिफारिसमा प्रयोग गर्ने आधार, ढाँचा र तथ्याङ्कको स्रोत सम्बन्धमा।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आज मिति २०८१/१२/०३ गतेका दिन आयोगका माननीय अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि देहाय बमोजिम आधार (सूचक/उपसूचक) र ढाँचा (भार) निर्धारण गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार (प्रतिशतमा) | सूचकको भार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>१.१ कुल जनसङ्ख्या<br>१.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी)<br>१.३ अपाङ्गगता भएको जनसङ्ख्या | <br>६०<br>३०<br>१० | ५५ |
| २ | क्षेत्रफल | | १८ |
| ३ | मानव  विकास सूचकाङ्क | | १० |
| ४ | खर्चको आवश्यकता<br>४.१ प्रदेश सभा सदस्य संख्या | <br>१०० | २ |
| ५ | राजस्व संकलनमा गरेको प्रयास<br>५.१ राजस्वको बार्षिक बृद्धिदर | <br>१०० | ३ |
| ६ | पूर्वाधार विकासको अवस्था<br>६.१ सडकको घनत्व (सडकमा पहुँच),<br>६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>६.३ सरसफाइ (शौचालयको उपलब्धता)<br>६.४ शहरीकरणको अवस्था<br>६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | <br>३५ %<br>१५ %<br>१५ %<br>१५ %<br>१० %<br>१० % | १० |

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार (प्रतिशतमा) | सूचकको भार (प्रतिशतमा) |
|---|---|---|---|
| ७ | विषेश अवस्था<br>७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल<br>७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल | <br>७०<br>३० | २ |
| | **जम्मा** | | **१००** |

१.२ स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको हिस्सा सिफारिसका लागि देहाय बमोजिम आधार (सूचक/उपसूचक) र ढाँचा (भार) निर्धारण गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार (प्रतिशतमा) | सूचकको भार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण<br>१.१ कुल जनसङ्ख्या<br>१.२ आश्रित जनसङ्ख्या (१५ वर्ष भन्दा कम र ६४ वर्ष भन्दा बढी)<br>१.३ अपाङ्गगता भएको जनसङ्ख्या | <br>६०<br>३०<br>१० | ५५ |
| २ | क्षेत्रफल | | १८ |
| ३ | मानव  विकास सूचकाङ्क | | १० |
| ४ | खर्चको आवश्यकता<br>४.१ सम्बन्धित स्थानीय तहको वडाको संख्या | <br>१०० | <br>२ |
| ५ | राजस्व संकलनमा गरेको प्रयास | | ३ |
| ६ | पूर्वाधार विकासको अवस्था<br>६.१ सडकको घनत्व (सडकमा पहुँच),<br>६.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>६.३ सरसफाइ (शौचालयको उपलब्धता)<br>६.४ शहरीकरणको अवस्था<br>६.५ विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>६.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | <br>३५ %<br>१५ %<br>१५ %<br>१५ %<br>१० %<br>१० % | १० |
| ७ | विषेश अवस्था<br>७.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल<br>७.२ मध्यवर्ती क्षेत्रले ओगटेको क्षेत्रफल | <br>७०<br>३० | २ |
| | **जम्मा** | | **१००** |

१.३ राजस्व संकलनमा गरेको प्रयासमा कायम गरिएका उपसूचकको हकमा स्थानीय तह तर्फको भरपर्दो र विश्वसनीय तथ्याङ्क प्राप्त हुन नसकेकोले सो सूचकमा कायम गरिएको भारमा सबै स्थानीय तहहरूलाई समान अङ्क प्रदान गरी गणना गर्ने।

१.४ प्रदेश तर्फ राजस्व संकलनमा गरेको प्रयास अन्तर्गतको राजस्वको बार्षिक बृद्धिदर उपसूचकको लागि आधार बर्षको रूपमा आर्थिक बर्ष २०७९/८० लाई लिने र सोको आधारमा आर्थिक बर्ष २०८०/८१ मा भएको बृद्धिदरको आधारमा गणना गर्ने।

१.५ राष्ट्रिय योजना आयोगबाट प्रकाशित नेपाल मानव विकास प्रतिवेदन, २०२० मा स्थानीय तहगत मानव विकास सूचकाङ्क उल्लेख भएको नदेखिएकोले स्थानीय तहको हकमा सो प्रतिवेदनमा उपलब्ध प्रदेशिक, भौगोलिक तथा शहरी र ग्रामिण सूचकाङ्कलाई आधार लिई स्थानीय तहको प्रतिविम्बित (Indicative) सूचकाङ्क विकास गरी गणना गर्ने।

१.६ स्थानीय तह तर्फ क्षेत्रफल सूचकको लागि ९०० वर्ग किलोमिटरको अधिकतम सीमा कायम गरी गणना गर्ने।

१.७ आयोगबाट गरिने राजस्व बाँडफाँटको सिफारिसमा प्रयोग गरिने सूचक तथा उपसूचकको हकमा देहाय बमोजिमको तथ्याङ्कको स्रोत प्रयोग गर्ने।

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या र जनसाङ्ख्यिक विवरण | राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | क्षेत्रफल (भूगोल) | नेपाल राजपत्र |
| ३. | मानव विकास सूचकाङ्क | नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | राजस्व संकलनमा गरेको प्रयास<br>४.१ राजस्वको बार्षिक बृद्धिदर | महालेखा नियन्त्रक नियन्त्रक कार्यालय |
| ५. | पूर्वाधार विकासको अवस्था<br>५.१ सडकको घनत्व (सडकमा पहुँच)<br>५.२ खानेपानीको सुविधा (खानेपानीमा पहुँच)<br>५.३ सरसफाइ (शौचालयको उपलब्धता)<br>५.४ शहरीकरणको अवस्था<br>५.५ विद्युतको सुविधा (विद्युतमा पहुँच)<br>५.६ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) | ५.१ वित्तीय समानीकरण अनुदानको सिफारिसमा प्रयोग भएको तथ्याङ्क<br>५.२ राष्ट्रिय जनगणना २०७८<br>५.३ राष्ट्रिय जनगणना २०७८<br>५.४ राष्ट्रिय जनगणना २०७८<br>५.५ राष्ट्रिय जनगणना २०७८<br>५.६ राष्ट्रिय जनगणना २०७८ |
| ६. | विषेश अवस्था<br>६.१ चुरे संरक्षण क्षेत्रले ओगटेको क्षेत्रफल<br>६.२ मध्वर्ती क्षेत्रले ओगटेको क्षेत्रफल | ६.१ राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति<br>६.२ वन तथा वातावरण मन्त्रालय (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अध्ययन,२०७७) |

१.८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (२) ले दिएको अधिकारको प्रयोग गरी आयोगले वर्तमान आधार र ढाँचामा पुनरावलोकन गरेको छ।

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १० को उपदफा (५) बमोजिम भएका निर्णयहरु**

## निर्णय नं. १०३

१. आयोग, आयोगका कामकारबाही र आयोगका पदाधिकारीहरुका सम्बन्धमा केही सञ्चार माध्यममा आएका नकारात्मक टिप्पणीहरुको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगका कामकारबाहीहरु नेपालको संविधान र प्रचलित कानून अनुरुप नै भईरहेको हुँदा ती समाचारहरु तथ्यहीन भएको व्यहोराको खण्डन सम्प्रेषण गर्ने।

## निर्णय नं. १०४

१. आयोगका पदाधिकारीहरुको आयोगमा हाजिर भएदेखि हालसम्मको अवधिको उपस्थिति सम्बन्धी विवरण देहायको ढाँचामा तयार गरी आगामी बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने।

| क्र.स. | पदाधिकारी | आयोगमा हाजिरी | आयोगको बैठकमा हाजिरी |
|---|---|---|---|
| १ | श्री बालानन्द पौडेल | | |
| २ | श्री जुद्ध बहादुर गुरुङ | | |
| ३ | श्री अमरराज मिश्र | | |
| ४ | श्री बिपिनराज निरौला | | |